# सम्मरीमाई गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

प्रमाणीकरण मिति

२०७६।०४।१०

सम्वत् २०७६ सालको कार्यविधि नं. १

**प्रस्तावना :** सम्मरीमाई गाउँपालिकाले गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णको कार्यान्वयन गर्न, सम्पत्तिको सुरक्षा र संरक्षण गर्न, स्थानीय स्तरका कार्यक्रममा सुरक्षा व्यवस्था मिलाउन, बजार तथा पार्किङ्ग स्थलको रेखदेख, सरसफाई व्यवस्थापनमा सहयोग, न्यायिक समितिको मिलापत्रको निर्णयको कार्यान्वयन, सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण र अनधिकृत अतिक्रमण नियन्त्रण, विपद व्यवस्थापनका कार्यमा सहयोग, अनधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड तथा छाडा पशु चौपाया नियन्त्रण गरी गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (१) ले दिएको अधिकार प्रयोग गरी

सम्मरीमाई गाउँपालिकाले यो "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "सम्मरीमाई गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(२) "गाउँपालिका" भन्नाले सम्मरीमाई गाउँपालिकालाई सम्झनु पर्दछ ।

(३) "कार्यालय" भन्नाले सम्मरीमाई गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(४) "समिति" भन्नाले सम्मरीमाई गाउँपालिकाको यस कार्यविधि बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(५) "नगर प्रहरी" भन्नाले सम्मरीमाई गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(६) "भत्ता" भन्नाले सम्मरीमाई गाउँपालिकाबाट प्रचलित मापदण्ड बमोजिम तोकिएको भत्तालाई सम्झनु पर्दछ ।

(७) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(८) "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(९) "गाउँ सभा" भन्नाले गाउँपालिकाको सभा सम्झनु पर्दछ ।

(१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न कानून बमोजिम खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

(११) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(१२) "जवान" भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्दछ ।

(१३) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनु पर्दछ ।

**३. कार्यविधिको व्याख्या गाउँ कार्यपालिकाले गर्ने :**

(१) कुनै अधिकारीले यस कार्यविधिको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँ कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) कार्यविधिको दफा ३ (१) को सम्वन्धमा गाउँ कार्यपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

## परिच्छेद- २
## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४. नगर प्रहरी सेवाको गठन :**

गाउँपालिकामा एक नगर प्रहरी सेवा समूह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सभाले तोके बमोजिम हुनेछ ।

**५. गाउँपालिकामा रहने नगर प्रहरीको पद र तह :**

(१) गाउँसभाले तोकेको पद र तह रहनेछन ।

२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

(३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - ३
## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

**६. नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :**

(१) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(५) गाउँपालिकाको सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन,

(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा,

(८) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(९) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(१०) छाडा चौपायाको नियन्त्रण,

(११) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(१२) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई र हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(१३) सार्वजनिक जगगा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(१४) गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(१५) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(१६) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(१७) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(१८) खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१९) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(२०) गाउँ कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, दफा र कानून कार्यान्वयन गर्ने ।

(२१) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(२२) सम्मरीमाई गाउँपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्न सिफारिस गर्ने ।

(२३) गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गरी आवश्यक सुरक्षागत सहयोग गर्ने ।

(२४) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक गर्ने ।

(२५) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(२६) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा तास जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(२७) गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२८) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२९) बजार केन्द्र तथा घना वस्तीहरुमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(३०) दमकल (Fire Brigade) सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

(३१) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(३२) गाउँपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३३) गाउँपालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(३४) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(३५) गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद - ४
## तह विभाजन र पदपूर्ति

**७. नगर प्रहरीको दरवन्दी सिर्जना प्रक्रिया :**

(१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको सिर्जना तथा खारेजी गाउँसभाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा

प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

**८. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु:**

नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्वारा पूर्ति गरिनेछ ।

(१) नगर प्रहरी हवल्दार (२) नगर प्रहरी जवान

**९. नियुक्ति गर्ने अधिकारी :** पदपूर्ति समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

**१०. खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति** : नगर प्रहरी करार सेवाको पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

**११ . खुल्ला प्रतियोगितामा समावेशीता** : खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदरवारका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(१) महिला ३३ प्रतिशत

(२) आदिबासी/जनजाति २७ प्रतिशत

(३) मधेसी २५

(४) दलित १५ प्रतिशत

स्पष्टीकरण :

(१) यस कार्यविधिको प्रयोजनको लागि महिला, आदिवासी, जनजाती, मधेसी र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी /जनजाति, मधेसी र दलितलाई सम्झनु पर्दछ ।

(२) उपदफा (१) वमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए वमोजिम हुनेछ ।

तर त्यसरी नतोकेसम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाति, मधेसी र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।



यव

(३) दफा (११) वमोजिम छुट्टयाइएका पदको लागि दरखास्त पेश गर्दा देहाय वमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ ।

(४) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/ जनजाति भनी प्रमाणित भएको ।

(५) मधेसीका लागि राष्ट्रिय मधेसी आयोगबाट मधेसी भनी प्रमाणित भएको ।

(६) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको ।

(७) दफा (११) वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घतांक (फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(८) दफा (११) वमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

**१२. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु :**

नगर प्रहरी पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :

(१) दरखास्त आह्वान भएको सालको वैशाख १ गते १८ वर्ष उमेर पुरा भई २४ वर्ष ननाघेको ।

तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरीको हकमा ४० वर्ष ननाघेको ।

(२) नगर प्रहरी हवल्दार र नगर प्रहरी पदको लागि एस.एल.सी/एस.इ.इ.वा सो सरह उत्तिर्ण गरेको ।

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको । निः

(५) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**१३. पदपूर्ति समिति :** गाउँपालिकाको नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।

(१) अध्यक्षः गाउँ कार्यपालिकाले तोकेको सरकारी सेवाबाट निवृत्त अधिकृत स्तरको व्यक्ति

(२) सदस्यः प्रमुख प्रशासकीय अधिकृत

(३) सदस्य सचिवः प्रशासन शाखा प्रमुख

नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रक्रियामा नजिकैको प्रहरी कार्यालयको प्रतिनिधि र ईलाकास्तरीय प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

**१४. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यविधिको दफा १२ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मान्ने र आवश्यक्तानुसार पदपूर्ति समितिले पाठ्यक्रममा हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सकिने छ ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) शारीरिक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तिका लागि सिफारिश गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद पन्ध्र दिन राखी राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

**१५. योग्यताक्रम सूची तयार गर्ने :**

(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति/सम्झौताका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) कार्यविधिको दफा १५ (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति/सम्झौता गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्ति/सम्झौताको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र गाउँ कार्यपालिकाले नियुक्ति/सम्झौता पत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) कार्यविधिको दफा १५ (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**१६. जेष्ठताक्रम कायम गर्ने :**

(१) नगर प्रहरी जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१७. परीक्षणकालमा राखिने :**

(१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परीक्षणकाल रहनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ ।

(२) कार्यविधिको दफा १७ (२) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोपजनक नभएमा निजलाई नियुक्ति/सम्झौता गर्ने अधिकारीले करार सम्झौता भङ्ग गर्न सक्नेछ ।

परीक्षण

**१८. नियुक्ति सदर :**

(१) कार्यविधिको दफा १७ (१) बमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति/सम्झौता सदर गरिनेछ ।

(२) कार्यविधिको दफा १८ (१) बमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

परिच्छेद - ५

**गाउँपालिकाको प्रशासन र नगर प्रहरीको सम्बन्ध**

**१९. गाउँपालिका प्रशासनको नियन्त्रण रहने :**

नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा गाउँ कार्यपालिकाले तोकेको अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

**२०. नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने :**

गाउँपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

**२१. कारवाही गर्दा परामर्श लिने :**

कुनै पनि अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

## परिच्छेद - ६
## बिदा

**२२. बिदा अधिकारको कुरा होइन :**

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी बिदा दिने अधिकारीले आफ्नो तजबीजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा बिदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) बिदाको किसिमहरु : नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका बिदा पाउनेछन :

(अ) भैपरी आउने र पर्व बिदा

(आ) किरिया बिदा

(इ) प्रसुती बिदा

(ई) सट्टा बिदा

(उ) प्रसुति स्याहार बिदा

(ऊ) विरामी बिदा

**२३. बिदा स्वीकृत नगराई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने :**

(१) यस कार्यविधि वमोजिम बिदा स्वीकृत नगराई नगर प्रहरी अनुपस्थित रहन पाउने छैन ।

(२) दफा २३ को उपदफा (१) को उल्लंघन गरी गयल हुने नगर प्रहरी कर्मचारीलाई नियुक्ति गर्ने अधिकारीले सेवाबाट हटाउन सक्नेछ ।
तर गयल भएको अवधिको बिदाको निवेदन पेश गरी बिदा स्वीकृत भएमा यो दफा उल्लंघन गरेको मानिने छैन ।

**२४. भैपरी/पर्व बिदा :**

(१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व बिदा पाउने छ ।

(२) भैपरी/पर्व बिदा साधारणत : एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

(३) भैपरी/पर्व बिदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

(४) बिदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले बिदाको स्वीकृति लिई रहन नभ्याएमा बिदा वसेपछि स्वीकृत गराए पनि हुन्छ ।

(५) भैपरी/पर्व बिदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता पाउनेछ ।

(६) भैपरी/पर्व बिदा शनिवार बाहेक अरु बिदाहरुसँग मिलाई लिन पाइने छैन ।

**२५. किरिया बिदा :**

(१) नगर प्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया बिदा पाउनेछ । यस्तो बिदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ ।

(२) यस्तो किरिया बिदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ ।

**२६. प्रसूती बिदा :**

(१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूती बिदा पाउनेछ ।

(२) प्रसूती बिदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ ।

(३) उल्लेख भए अनुसारको बिदाको अभिलेख कर्मचारीको बिदा स्वीकृत गर्ने कार्यालयले अद्यावधिक बनाई राख्नु पर्नेछ ।

**२७. प्रसूती स्याहार बिदा :**

(१) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन सक्नेछ । यो बिदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ ।

(२) प्रसूति स्याहार बिदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ ।

(३) सुत्केरी स्याहार बिदामा वस्ने कर्मचारीले जन्मदर्ता प्रमाण-पत्र वा सम्बन्धित अस्पतालको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

**२८. सट्टा बिदा :** कुनै पनि सार्वजनिक बिदाको दिन ड्युटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई तोकिएको अधिकारीले सट्टा बिदा दिन सक्नेछ । तर यस्तो सट्टा बिदा एकपटकमा सात दिनभन्दा वढी हुने छैन । तर करार सेवामा नियुक्त नगर प्रहरी सेवाका कर्मचारीहरुको हकमा करारनामामा उल्लेख भए अनुसारको बिदा मात्र पाउनेछ ।

**२९. विरामी बिदा :** नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिन विरामी बिदा बिदा पाउने छ ।

**३०. बिदा दिने अधिकारी:** बिदा स्वीकृत गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

**३१. बिदा परिणत नहुने** : यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन बिदा लिई बसेको हो सोही बिदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको बिदा स्वीकृत भएकोमा त्यस्तो बिदा पछि किरिया बिदा वा प्रसूति बिदा वाहेक अर्को किसिमको बिदामा परिणत गराउन पाइने छैन ।

**३२. सार्वजनिक बिदा गाभिने** : भैपरी आउने र पर्व बिदा वाहेक अरु कुनै प्रकारको बिदा लिइ बसेको नगर प्रहरी कर्मचारीले सो बिदा भुक्तान हुँदा सार्वजनिक बिदा पर्न गएमा र सार्वजनिक बिदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक बिदाको अवधि पनि निज कर्मचारीले लिएको बिदा वा सो बिदा बाँकी नभएमा लिन पाउने अरु बिदामा बसेको मानिनेछ ।

**३३. कार्यालयमा अनुपस्थित हुने उपर कारवाही** : बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

**३४. बिदा लिने विधि :**

(१) यस परिच्छेद बमोजिम बिदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफूलाई चाहिएको बिदाको अवधि, कारण भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखा मार्फत बिदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ । बिदा स्वीकृत भए नभएको जानकारी तोकिएको अधिकारीले सम्वन्धित कर्मचारीलाई दिनुपर्नेछ ।

(२) कुनै किसिमको बिदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखि बिदा दिने वा नदिने निर्णय गर्नेछ ।

(३) भैपरी आउने बिदाको सम्वन्धमा बिदा स्वीकृत गर्ने अधिकारीले दफा ३४(१) वमोजिम दरखास्त नदिए पनि आफ्नो तजविजवाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो बिदा स्वीकृत गर्न सक्नेछ ।

(४) देहायमा लेखिए बमोजिमका कुरामा बिदा दिने अधिकारीलाई चित्त बुझेमा निजले बिदाको लागि दरखास्त परेको मितिभन्दा अगाडिको मितिवाट बिदा स्वीकृत गर्न सक्नेछ ।

(अ) बिदा दिने अधिकारीको पूर्व स्वीकृति लिई रहन सम्भव थिएन वा

(आ) पूर्व स्वीकृतिको लागि निवेदकले सकभर प्रयास गरेको थियो ।

३५. **बिदाको अभिलेख :** नगर प्रहरी प्रमुखले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको बिदाको अभिलेख किताव खडा गरी लगत राख्ने र मासिक रुपमा प्रशासन शाखालाई विवरण पेश गर्नुपर्नेछ ।

३६. **गयल कट्टी उपर पुनरावेदन गर्ने** : कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ गाउँपालिका प्रशासन शाखामा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले बिदा स्वीकृत हुन पर्ने व्यहोरा दर्साई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पड्ताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले बिदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

३७. **झुठो कारण देखाएमा सजाय हुने** : कुनै नगर प्रहरी कर्मचारीले कुनै झुट्टा कारण देखाई विरामी बिदा, किरिया बिदा र प्रसूती बिदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

३८. **तालिम अवधिमा बिदा वस्ने वारे :** यस दफावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक बिदा र किरिया बिदाबाहेक साधारणतया अरु कुनै बिदा दिइने छैन ।

## परिच्छेद ७
## आचरण

३९. **दान उपहार लिन नहुने** : आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले गाउँपालिकाको पूर्व स्वीकृति विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुँदैन ।

४०. **चन्दा लिन नहुने :** कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार

गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

४१. **सम्पत्ति खरिदको जानकारी दिनुपर्ने** : नगर प्रहरी कर्मचारीले आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्नु पर्ने भएमा सम्मरीमाई गाउँ कार्यपालिकाको कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

४२. **सम्पत्तिको विवरण दिनुपर्ने :**

(१) हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो कार्यविधि लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र गाउँपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्ने छ ।

(क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

(ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरत, सुन, चाँदीको अन्दाजी मूल्य ।

(ग) कार्यविधिको दफा ४३ क र ख बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

(घ) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

४३. **व्यापार व्यवसाय गर्न नहुने** : कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृति वेगर देहायका काम गर्नु हुँदैन :

(१) कुनै व्यापार गर्न

(२) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

(३) कुनै व्यवसाय चलाउन ।

४४. **प्रकाशन र प्रसारण गर्न नहुने** : नगर प्रहरी कर्मचारीले गाउँपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु

अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुँदैन ।

४५. **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने** : नगर प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नु पर्दछ ।

४६. **गाउँपालिकाको आलोचना** : नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिका र गाउँबासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

४७. **निर्वाचनमा भाग लिन नहुने** : नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

४८. **राजनीतिमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै राजनितिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

४९. **समय पालन र नियमितता :** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ ।

५०. **अनुशासन र आज्ञापालन** : (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ । (३) नगर प्रहरी कर्मचारीले माथिल्ला अधिकारी प्रति उचित आदर देखाउनु पर्नेछ ।

**५१. बाह्य प्रभाव पार्न नहुने :** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

**५२. बहुविवाह, बालविवाह, अनमेल विवाह प्रतिबन्ध:** नगर प्रहरी कर्मचारीले प्रचलित कानून विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद-८
## सजाय र पुनरावेदन

**५३. सजाय :** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

(१) नसिहत दिने ।

(२) शारीरिक थकाई हुने सजाय गर्ने ।

(३) तलब वृद्धि रोक्का गर्ने ।

(४) तल्लो तहमा घटुवा गर्ने

(५) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलब भत्ताबाट कट्टी गरी असुल गर्ने ।

(६) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(७) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**५४. नसिहत दिने वा प्रतिकूल राय लेख्ने :** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**५५. तलब वृद्धि वा पदोन्नति रोक्ने :** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**५६. दर्जा र तलब घटाउने :** सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा तल्लो स्केलमा ओराल्न सक्ने र गाउँपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

(१) सन्तोषजनक काम नगरेमा ।

(२) अनुशासनहीन काम गरेमा ।

(३) आचरण सम्वन्धी कार्यविधि उल्लंघन गरेमा ।

(४) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा ।

(५) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(६) मनासिव कारण नभई वा बिदा नलिई बिदा बसेकोमा वा गैरहाजिर भएमा ।

(७) लापरवाही गरेमा वा दफा आदेशको पालना नगरेमा ।

**५७. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने** : देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(१) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरा गर्न नसकेमा,

(२) राजनीतिमा भाग लिएमा,

(३) वरावर अनुशासनहीन काम गरेमा,

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ,

(५) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा,

(६) भ्रष्टाचार गरेमा,

(७) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा,

(८) आचरण सम्वन्धी दफाहरु वरावर उल्लंघन गरेमा,

( ९) मनासिव कारण नभई वा बिदा नलिई बिदा वसेमा वा गैरहाजिर भएमा ।

**५७. सजाय सम्बन्धी कार्यविधि :** (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

(१) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुँदै ।

(२) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा,

स्पष्टिकरण: यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैवी प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र निजलालई गाउँ कार्यपालिकाबाट निर्णय गरि बढिमा १ वर्षसम्म खाईपाई आएको पुरा तलब भत्ता उपलब्ध गराइनेछ ।

(३) नगर प्रहरी कर्मचारीको अशक्तताको निर्धारण गर्न देहाय वमोजिमको समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) प्रतिनिधि (चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल) - सदस्य

(ग) नगर प्रहरी प्रमुख - सदस्य सचिव

(४) दफा ६१ (३) वमोजिम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारीको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्वन्धमा निर्णय गर्नेसमेत अधिकार हुनेछ ।

**६१. उपचार खर्च :** (१) कुनै नगर प्रहरी कर्मचारी नियमित कार्यसम्पादनको सिलसिलामा विरामी भएमा औषधि उपचारको लागि गाउँ कार्यपालिकाको निर्णय बमोजिमको उपचार खर्च गाउँपालिकाले उपलब्ध गराउनेछ ।

(२) झुट्टा व्यहोरा पेश गरी दफा वमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने नगर प्रहरी कर्मचारी उपर विभागीय कारवाही गरिनेछ । त्यसरी उपचार खर्च लिई सकेको भए सो रकमसमेत त्यस्तो नगर प्रहरी कर्मचारीबाट असुल गरिनेछ ।

## परिच्छेद ९
## तलब, भत्ता

६२. **तलब भत्ता** : नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मितिदेखि तलब भत्ता पाउने छ । तलब भत्ता र अन्य सुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(१) कार्यालयमा गैर-हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मिति देखिको तलब, भत्ता पाउने छैन ।

## परिच्छेद १०
## निमित्त हुने व्यवस्था र सुविधा

६३. **निमित्त भई काम गर्ने व्यवस्था :**

(१) एक महिना ननाघ्ने गरी कुनै कारणले प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा बरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

६४. **एक पदमा एक व्यक्तिमात्र कामय मुकाय वा कार्यवाहक हुने :**

कुनै एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

६५. **काम गरेको अवधिको तलब भत्ता :**

(१) कुनै पदमा कार्यवाहक वा तिमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता पाउने छ । तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता दिइने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता दिइने छ ।

## परिच्छेद ११
## तालिम

**६६. तालिमको व्यवस्था** : नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन सम्मरीमाई गाउँपालिकाले तोकिए बमोजिमको र आवश्यकता अनुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

**६७. तालिम संचालन हुने स्थान** : गाउँपालिकाले तोकिएको स्थानमा हुनेछ ।

**६८. तालिमको अवधि** : नगर प्रहरी सेवाका कर्मचारीहरुको तालिमको अवधि सम्मरीमाई गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**६९. तालिमको अनिवार्यता :**

(१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकता अनुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाईसकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

**७०. तालिमको पाठ्यक्रम :**

विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

**७१. प्रशिक्षार्थीले पाउने सुविधा :**

(१) सम्मरीमाई गाउँपालिका बाहिरका प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून बमोजिम हुनेछ ।

**७२. तालिम सफल भएमा** : देहाय तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ :

(१) नगर प्रहरी (आधारभूत) तालिममा सफल भएका व्यक्तिहरु करारमा नियुक्तीका लागि सामान्यतया योग्य हुनेछन ।

(२) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा करार सेवामा नियुक्तिको लागि योग्य हुनेछन ।

**७३. प्रारम्भिक पोशाक :**

(१) सबै नयाँ भर्ना हुने नगर प्रहरी कर्मचारीहरुलाई प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक सम्मरीमाई गाउँपालिकाले दिनेछ ।

**७४. तालिममा सामेल गराउने संख्या** : नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा बाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले गाउँ कार्यपालिकाको कार्यालयबाट निर्णय भए अनुसार तालिम लिन नगर प्रहरी कर्मचारीहरु तोक्नेछन् ।

**७५. प्रशिक्षण भत्ता** : गाउँपालिकाको कार्यालयबाट तोकिएबामोजिम प्रशिक्षण भत्ता दिइनेछ ।

**७६. अतिथि प्रशिक्षकहरुको पारिश्रमिक**: गाउँपालिका कार्यालयबाट तोकिए बमोजिम हुनेछ ।

**७७. आन्तरिक तालिम** : एकै पटक नियुक्ति भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद १२
## पोशाक

**७८. नगर प्रहरी पोशाक** : नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**७९. प्रारम्भिक पोशाक र सामान** : प्रत्येक नगर प्रहरी कर्मचारीलाई गाउँ कार्यपालिकाको कार्यालयबाट तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

**८०. जाडो मौसमका लागि दिइने पोशाक** : प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ । हरेक तीन बर्षको लागि एक सेट पोशाक उपलब्ध गराईने छ ।

**८१. तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा** : नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

## परिच्छेद-१३
## विविध

**८२. विभागीय आदेश र निर्देशन** : ऐन र यस कार्यविधिको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(१) कार्यमा छिटो छरितोपन ल्याउने विषय

२) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय

(३) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय

(४) दफामा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

(५) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

**८३. चाडपर्व खर्च पाउने** : नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन ।

**८४. अन्य सुविधा तथा व्यवस्था :**

(१) नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) यो कार्यविधि जारी हुनुअघि नगर प्रहरीको सम्बन्धमा भए गरेका सम्पूर्ण कामकाज यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(३) यो कार्यविधि जारी भए पश्चात रिक्त नगर प्रहरी जवान पदमा खुल्ला विज्ञापन मार्फत पदपूर्ति गरेपछि सेवा करारमा कार्यविधि जारी हुँदाको बखत कार्यरत नगर प्रहरी भएमा ती बाहेक थप नगर प्रहरी राखिने छैन ।

**८५. बाधा अड्काउ फुकाऊः** सम्मरीमाई गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र सञ्चालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ । यस

कार्यविधिमा व्यवस्था नभएका विषयहरुमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

८६. **कार्यविधि संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन सम्मरीमाई गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।